## आठराई त्रिवेणी गाउँपालिकाको खरको छाना

## विस्थापन सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावना:

आठराई त्रिवेणी गाउँपालिकाभित्र रहेका आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति अल्पसङ्ख्यक, सिमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, किसान, श्रमिक, उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिक र आर्थिक रुपले विपन्न खस आर्य घर परिवारलाई सामाजिक न्याय तथा सुरक्षाको रूपमा जस्तापाता वितरण गर्ने र गाउँपालिका भित्र खरको छानो विस्थापन गर्ने मुल उद्देश्यका साथ गाउँपालिकाले जस्तापाता वितरण गर्ने कार्यक्रम राखेको छ । आठराई त्रिवेणी गाउँपालिकालाई समृद्ध र समुन्त बनाउनका तथा विपन्न नागरिकलाई जस्तापाता वितरण कार्यक्रम सञ्चालन मार्फत जीवनस्तर सुधार गरी गाउँपालिकालाई समावेशी तथा समुन्तत बनाउदै जाने उद्देश्य गाउँपालिकाको रहेको छ । गरिब, असहाय, विस्थापित, द्वन्द्व पिडित, एकल महिला, विपद्बाट विस्थापित नागरिकको आवश्यक सुरक्षित घर नभएको र भएको घरपनि खरको छानोले छाएको हुदाँ त्यस्ता नागरिकको पिडालाई संबोधन गर्दै समुदाय केन्द्रीत सामाजिक न्याय तथा सुरक्षाको कार्यक्रम रहेको जस्तापात वितरण कार्यक्रमलाई वैज्ञानिक मापदण्ड र विधि बनाई कार्यान्वयन गर्दा अझ बढि प्रभावकारी हुने देखि स्थानीय सरकार सञ्चलन एनको दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी आठराई त्रिवेणी गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भिक: (१) यो कार्यविधिको नाम "आठराई त्रिवेणी गाउँपालिकाको खरको छाना विस्थापन सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "असहाय" भन्नाले कसैको संरक्षण नभएका र आम्दानीको कुनै स्थायी स्रोत नभएको व्यक्ति वा परिवार सम्झनु पर्नेछ ।

(ग) "उपाध्यक्ष" भन्नाले आठराई त्रिवेणी गाउँपालिकाका उपाध्यक्ष लाई सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ङ) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ र सो शब्दले गाउँपालिका अन्तर्गतका वडा कार्यालय, सेवा केन्द्र, विषयगत शाखा वा निकाय समेतलाई बुझाउने छ ।

(च) "गरिब" भन्नाले दैनिक जिविकोपार्जन गर्नको लागि कुनै आम्दानीको स्रोत नभए, बेरोजगार व्यक्ति वा परिवारलाई सम्झनु पर्दछ ।

(छ) "जस्तापाता" भन्नाले गाउँपालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावली अन्तर्गत रहि खरिद गरेको जस्तापाता र प्लेन सिट समेतलाई जनाउँछ ।

(ज) "द्वन्द पिडित" भन्नाले विभिनून समयमा भएका द्वन्दले घरबार विहिन भई हाल सामान्य खरको छाना भएको आवसमा बसोवास गर्ने व्यक्ति वा परिवार सम्झनु पर्दछ ।

(झ) "प्रकोप पिडित" भन्नाले बाढी पहिरो, भुकम्प, आगोलागी जस्ता विपद्बाट विस्थापित भई आफ्नो मौलिक थाकथलो छोडि अस्थायी खरको छानो वा यस्तै प्रकारको सामग्रीले घर बनाई बसेको व्यक्ति वा परिवार सम्झनु पर्दछ ।

दिपेन्द्र रोम
अध्यक्ष

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिका प्रशासकीय कार्य गर्न नेपाल सरकारबाट खटिएकको अधिकृत कर्मचारी सम्झनु पर्छ।

(ट) "लाभको पद" भन्नाले कुनै सरकारी वा संगठित गैरसरकारी निकायमा कामकाज गरी तलब सुविधा लिएको व्यक्ति वा त्यस्तो निकायको निर्णय गर्ने तहमा रहेको व्यक्ति सम्झनु पर्दछ।

(ठ) "लाभग्राही" भन्नाले आठराई त्रिवेणी गाउँपालिकाबाट जस्तापाता प्राप्त गर्ने गाउँपालिका भित्र स्थायी बसोवास भएका गरिब, असहाय, विस्थापित, द्वन्द पिडित आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपमा पछाडि परेका व्यक्ति वा परिवारलाई सम्झनु पर्दछ ।

(ड) "वडा अध्यक्ष" भन्नाले आठराई त्रिवेणी गाउँपालिकाको वडाको अध्यक्षलाई सम्झनु पर्दछ ।

३. गाउँपालिकाले कार्यक्रम सञ्चालन गर्ने: (१) गाउँपालिका भित्र फुसको तथा खरको छाना विस्थापन गर्न गाउँपालिकाले वार्षिक कार्यक्रम तथा बजेट व्यवस्थापन गर्न सक्नेछ।

(२) गाउँपालिकाले उपदफा (१) अनुसारको कार्यक्रम देहायको व्यवस्था बमोजिम सञ्चालन गर्न सक्नेछ:

(क) गाउँपालिकाको नियमित बजेटबाट विनियोजन गरेर,

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदानको कार्यक्रममा प्रस्ताव गरेर,

(गो) गाउँपालिकाबाट विशेष वर्गको लागि सञ्चालन हुने लक्षित कार्यक्रममा व्यवस्था गरेर,

(घ) गाउँपालिकाबाट गैर सरकारी संस्थासँग साझेदारी कार्यक्रम सञ्चालन गरेर,

(ङ) स्थानीय उपभोगतासँग लागत साझेदारी गरेर,

(३) उपदफा (१) बमोजिम स्वीकृत भएको कार्यक्रम अनुसार सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम वार्षिक खरिद योजना अनुसार गुणस्तरीय जस्तापाता खरिद गरी प्राथमिकताको आधारमा वितरणको व्यवस्था मिलाउनु पर्नेछ ।

(४) गाउँपालिकाले सम्भावित लाभग्राहीले गर्न सक्ने लागत साझेदारी तथा अन्य निकायबाट हुने साझेदारीको आधारमा लाभग्राही समूदायको समूहलाई कार्यक्रममा सहभागिता गराउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कार्यक्रममा सहभागिता जनाउने प्रकृया प्रचलित खरिद कानून अनुसारको हुनेछ ।

४. प्राथमिकताको आधारमा लाभग्राही छनोट गर्नुपर्ने: (१) गाउँपालिकाले कार्यक्रम सञ्चालन गर्दा लक्षित समुदायको छनोट देहायको आधारमा गर्नु पर्नेछ ।

(क) प्राकृतिक तथा अन्य विपद्ले घरवार विहिन भएको व्यक्ति वा परिवार,

(ख) गाउँपालिकाभित्र अपाङ्ग घरमूली भएको व्यक्ति वा परिवार,

(ग) अनुसुचि -३ गाउँपालिका भित्र पहिचान भएका विपन्न, गरिब घर तथा परिवार,

(घ) परिवारमा संरक्षक नभएको असहाय, ज्येष्ठ नागरिक, महिला तथा बालबालिका भएको परिवार,

(ङ) गाउँपालिका भित्र स्थायी बसोबास भएका एकल महिला भएको घर तथा परिवार,

(च) आर्थिक, सामाजिक र सांस्कृतिक पक्षबाट पछाडि परेका दलित, आदिवासी जनजाति तथा अल्पसंख्य समूदाय र

अध्यक्ष

(ङ) गाउँपालिकाभित्र खर तथा अन्य अन्य यस्तै सामग्रीले छाना निर्माण गरी बसेको घर तथा परिवार,

(२) कार्यालयले उपदफा (१) बमोजिमको प्राथमिकताको आधारमा क्रमश गाउँपालिका भित्रका लाभग्राहीलाई जस्तापाता वितरणको व्यवस्था गर्नु पर्नेछ ।

५. लाभग्राही समूहमा सहभागी हुन नसक्ने: गाउँपालिकाकाले वितरण गर्ने जस्तापाता तथा खरको छाना विस्थापन कार्यक्रममा देहायका व्यक्ति वा परिवार लाभग्राही समूहमा सहभागी हुन सक्ने छैन:

(क) गाउँपालिकाभित्र एक भन्दा बढि घर रहेको र कम्तिमा एक घर खरको छाना विस्थापन भएको परिवार,

(ख) घर खरले र गोठ तथा भण्डारण घर जस्तापाता वा ढुङ्गाले छाएका परिवार,

(ग) जस्तापाता पाउन तथा लाभग्राही समूहमा सहभागिता जनाउन छुट्टीएको व्यक्ति वा परिवार,

(घ) लाभको पद लिएका (सरकारी वा गैर सरकारी संघ संस्थामा) व्यक्ति वा परिवार

(सरकारी जागिर का.स. र ह.स.चा. भन्दा माथिल्लो पदमा खानेको हकमा छनौट नगरिने)

(ङ) एक भन्दा वढी घर जिल्ला भित्र वा वाहिर समेत भएका व्यक्ति तथा परिवार,

(च) गाउँपालिकाभित्र कम्तिमा एक घर पक्कि घर भएको व्यक्ति तथा परिवार,

(छ) वडा कार्यालयवाट लाभग्राहीको रूपमा सिफारिश नभएको घर तथा परिवार ।

६. वडा कार्यालयले विवरण तयार गर्नुपर्ने: प्रत्यक वडा कार्यालयले आफ्नो वडा भित्रका लाभग्राहीको देहायको विवरण तयार गर्नु पर्नेछ ।

(क) वडा भित्र रहेका जम्मा लाभग्राहीको संख्या,

(ख) आफ्नो वडाभित्र लाभग्राहीको प्राथमिकताको सूचिं,

(ग) साझेदारी गरी कार्यक्रम सहभागिता जनाउन सक्ने सम्भावित लाभग्राहीको संख्या,

(घ) गैर सरकारी संस्थाको साझेदारीमा कार्यक्रममा सहभागिता गराउन सकिने लाभग्राहीको संख्या,

(ङ) लाभग्राहीको अन्य आवश्यक विवरण,

७. लाभग्राहीले जस्तापाता प्राप्त गर्ने तथा कार्यक्रममा सहभागिता जनाउन सक्ने: (१) वडा कार्यालयवाट प्राथमिकताको आधारमा प्राप्त सूचिको वमोजिम गाउँपालिकाले एकीकृत विवरण तयार गरी तोकिएको परिमाण र गुणस्तरको जस्तापाता वितरण गर्नेछ ।

(२) लाभग्राहीले कार्यालयमा वा वडा कार्यालय मार्फत जस्तापाता प्राप्त गर्न खरको छाना वा यस्तै सामग्रीले निर्माण भएको घरको छानाको फोटो, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि सहित निवेदन पेश गर्नु पर्नेछ ।

(३) कार्यक्रमका सहभागिता हुने लाभग्राहीको प्राथमिकता यसै कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम जस्तापाता प्राप्त गर्ने घर तथा परिवारले अनुसूचि-१मा तोकिएको ढाँचामा कबुलियतनामा गर्नु पर्नेछ ।

(५) लागत साझेदारी वा लाभग्राही उपभोक्ताको समूहबाट कार्यक्रममा सहभागी हुने समूदायलाई तोकिएको खरिद प्रकृया अनुसार लगत स्टिमेट गरी सम्झौताको आधारमा कार्यक्रममा सहभागिता गराइनेछ ।

(६) गाउँपालिकाबाट वितरण हुने जस्तापाता वडा कार्यालयसम्म ढुवानी कार्यालयले गर्नेछ ।

अध्यक्ष

(७) वडा कार्यालयबाट लाभग्राहीको घरसम्म जस्तापाता स्वयम् लाभग्राहीले पुर्‍याउनु पर्नेछ ।

तर ज्येष्ठ नागरिक तथा अपाङ्ग घर परिवारलाई कार्यालयले चलेको दरमा ढुवानी भाडा उपलब्ध गराउन सक्नेछ ।

(८) कार्यालयबाट प्राप्त गर्ने जस्तापाता बाहेक छाना छाउन आवश्यक अन्य सामग्री, किला काँटी, काठ र आवश्यक अन्य सामग्री लाभग्राही स्वयमले व्यवस्था गर्नुपर्नेछ । तर ज्येष्ठ नागरिक तथा अपाङ्ग घर परिवार तथा असहाय महिला घर परिवारलाई कार्यालयले लागत अनुमानको आवश्यक सामग्री उपलब्ध गराउन सक्नेछ ।

(९) कबुलियतनामामा उल्लिखित समयभित्र कार्य सम्पन्न गर्न नसक्ने लाभग्राहीले उचित कारण भएमा वडा कार्यालय मार्फत गाउँपालिकामा लिखित रुपमा निवेदन दिनुपर्नेछ ।

(१०) उपदफा (९) बमोजिम पेश गरेको निवेदन औचित्यपुर्ण भएमा वडा कार्यालयमार्फत कार्यालयले एक पटकलाई बढिमा १ महिना कार्य सम्पन्नका समय थप गर्न सक्नेछ ।

(११) कबुलियतनामामा तोकिएको समयसीमा तथा थप भएको समय भित्र कार्यसम्पन्न नगर्ने लाभग्राहीबाट वितरण भएका जस्तापाता कार्यालयले वडा कार्यालयमार्फत फिर्ता लिनेछ ।

(१२) कार्यालयबाट प्राप्त जस्तापाताको सुरक्षा गर्ने जिम्मेवारी स्वयम लाभग्राही व्यक्तिको हुनेछ ।

(१३) कार्यसम्पन्न पश्चात प्राविधिक अन्तिम मुल्याङ्कन प्रतिवेदन, अनुगमन प्रतिवेदन, सम्बन्धित वडाको सिफारिसको आधारमा जाँचपास र फरफारक गरिनेछ ।

(१४). गाउँपालिकास्तरीय अनुगमन समिति नै यस कार्यक्रमको समेत अनुगमन गर्ने जिम्मेवारी हुनेछ ।

८. अनाधिकृत प्राप्त गर्न तथा दुरुपयोग गर्न नहुनेः (१) लाभग्राहीले कार्यालयबाट प्राप्त जस्तापाता अनधिकृत रुपमा प्रयोग गरेमा, बेचबिखन गरेमा त्यस्ता लाभग्राहीलाई गाउँपालिकाबाट सञ्चालन हुने यस्तै प्रकृतिका सामाजिक सुरक्षाको कार्यक्रममा सहभागिता गराइने छैन।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाबाट प्राप्त गरेको जस्तापाता अनाधिकृत प्रयोग तथा बेचबिखन गरेमा त्यस्तो जस्तापाता खरिद मूल्य बराबरको रकम गाउँपालिकाले सरकारी बाँकी सरह असूलउपर गर्नेछ।

९. गाउँपालिकास्तरीय निर्देशक समिति रहनेः (१) गाउँपालिकाभित्र रहेका लाभग्राही पहिचान, प्राथमिकिरण गर्न तथा जस्तापाता वितरण र कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको निर्देशक समिति रहने छः

| | |
|---|---|
| (क) गाउँपालिकाको अध्यक्षः | संयोजक |
| (ख) गाउँपालिकाको उपाध्यक्षः | सदस्य |
| (ग) कार्यपालिकाले तोकेको दुईजना कार्यपालिका सदस्यः | सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृतः | सदस्य |
| (ङ) पूर्वाधार शाखा प्रमुखः | सदस्य |
| (च) योजना शाखा प्रमुखः | सदस्य सचिव |

(२) संयोजकले आवश्यकता अनुसार साझेदारी गर्ने निकाय, गैर सरकारी संस्था तथा शाखा प्रमुखलाई समितिमा आमन्त्रण गर्न सक्नेछ,

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

दिलेन्द्र पौन्
अध्यक्ष

(क) गाउँपालिकाभित्र रहेका सम्भावित लाभग्राहीको संख्या पहिचान गर्ने,

(ख) कार्यक्रम सञ्चालनमा स्रोतको खोजी गर्ने तथा साझेदारीको ढाँचा पहिचान गर्ने,

(ग) कार्यक्रमबाट लाभ प्राप्त गर्ने सेवाग्राहीको प्राथमिकिरण गर्न सहयोग गर्ने,

१०. वडास्तरीय सहजिकरण तथा अनुमगमन समितिः (१) वडाभित्र रहेका लाभग्राही पहिचान, प्राथमिकिरण गर्न तथा जस्तापाता वितरण र कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको वडास्तरीय सहजीकरण तथा अनुगमन समिति रहनेछः

(क) वडा अध्यक्षः संयोजक

(ख) वडा समितिका सबै सदस्य सदस्य

(ग) वडा सचिव सदस्य

(घ) वडामा रहेको वा वडाको जिम्मेवारी भएको प्राविधिक कर्मचारीः सदस्य सचिव

(२) संयोजकले आवश्यकता अनुसार वडामा साझेदारी गर्ने निकाय, गैर सरकारी संस्था तथा अन्य कर्मचारीलाई समितिमा आमन्त्रण गर्न सक्नेछ,

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडाभित्र रहेका सम्भावित लाभग्राहीको संख्या पहिचान गर्ने,

(ख) वडामा कार्यक्रम सञ्चालनको लागि साझेदारको पहिचान गर्ने,

(ग) वडाभित्र रहेकाको लाभग्राही प्राथमिकिरण गर्ने,

(घ) वडाभित्र रहेका लाभग्राहीको प्राथमिकताको आधारमा जस्तापाता प्राप्त गर्न गाउँपालिकामा सिफारिश गर्ने,

(ङ) आवश्यकता अनुसार गाउँपालिकाबाट प्राप्त जस्तापाता वडामा वितरण गर्न सहजीकरण गर्ने,

(च) वडामा वितरण भएको जस्तापाताको लाभग्राही तथा परिमाणको विवरण राख्ने,

(छ) वितरण भएको जस्तापाताको प्रतिवेदन गाउँपालिकामा नियमित रूपमा गर्ने,

(ज) वितरण हुने जस्तापाताको दुरूपयोग रोक्ने तथा प्रभावकारी रूपमा कार्यक्रमको सञ्चालन गर्न सहजिकरण तथा अनुगमान गर्ने,

११. विपद्को समयमा अन्य कोषबाट रकम विनियोजन गरी कार्यक्रम सञ्चालन गर्न सकिनेः गाउँपालिका हुने कुनै प्रकृतिक विपद्को समयमा विपद् पिडित समूदायलाई तत्काल राहत उपलब्ध गराउनु पर्ने भएमा गाउँपालिकमा रहेको अन्य राहतकोषको रकमबाट जस्ता खरिद गरी यस कार्यविधिको प्राथमिकता र मापदण्डको आधारमा वितरण गर्न सकिनेछ ।

१२. एकीकृत अभिलेख तयार गरी सार्वजनिक गर्नुपर्नेः गाउँपालिकाबाट वितरण भएको जस्तापाता तथा कार्यक्रममा सहभागी जस्तापाता प्राप्त गर्ने लाभग्राहीको विवरण अनुसूचि २ अनुसार गाउँपालिकाले वार्षिक रूपमा तयार गर्नुपर्नेछ ।

१३. यसै कार्यविधि बमोजिम गरेको मानिनेः आ व २०७७।७८ मा फुसको छानो विस्थापन कार्यक्रम अन्तर्गत खरिद गरी वितरण गरिएको जस्तापाता यसै कार्यविधि बमोजिम गरेको मानिने छ ।

१४. थपघट र हेरफेरः यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउन प्रयोजनका लागि कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट, संसोधन वा हेरफेर गर्न सक्नेछ ।

दिपेन्द्र घोम
अध्यक्ष

अनुसूची-१

कबुलियतनामा

आठराई त्रिवेणी गाउँपालिका, वडा कार्यालय, वडा नं. __(जसलाई यसपछि प्रथम पक्ष भनिनेछ) र आठराई त्रिवेणी गाउँपालिका, वडा नं.__ टोल/बस्ती / गाउँ________ बस्नेश्री ____________(जसलाई यस पछि दोस्रो पक्ष भनिनेछ) दुवै बीच निम्न शर्तहरुको पूर्ण पालन गर्ने गरी दुवै पक्ष मन्जुर भई यो कबुलियतनामा पत्रमा सही गरी दियौं, लियौं ।

(क) पहिलो पक्षले दोस्रो पक्षलाई प्राविधिक लागत अनुमान बमोजिमको जस्तापाता र प्लेनसिट उपलब्ध गराउने छ ।

(ख) दोस्रो पक्षले वडा कार्यालयमा खर तथा यस्तै सामग्रीले बनेको घरको छानाको फोटो, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखि निवेदन दिनु पर्नेछ ।

(ग) पहिलो पक्षले दोस्रो पक्षको लागि एक घरको लागि मात्र जस्तापाता उपलब्ध गराउने छ । यदी कुनै जालसाजी गरी एकै परिवारका फरक व्यक्तिले जस्तापाता लगेको पछि थाहा हुन आएमा एक व्यक्तिले आफ्नै खर्चमा प्राप्त गरेको जस्तापाता वडा कार्यालयमा फिर्ता गर्नुपर्नेछ ।

(घ) पहिलो पक्षबाट उपलब्ध गराइएको जस्तापाताको प्रयोग गरी घर छाउने काम दोस्रो पक्षबाट प्राप्त गरेको मिति बाट २ महिनाको हुनेछ ।

(ङ) प्राप्त गरेको २ महिना तथा कार्यालयले थप गरेको समयसिमामा काम सम्पन्न गर्न नसकेमा दोस्रो पक्षले स्वयम ढुवानी भाडा व्यहोरी जस्तापाता वडा कार्यालयमा फर्ता गर्नु पर्नेछ । यसरी फिर्ता भए पश्चात पहिलो पक्षबाट दोस्रो पक्षलाई पुनः जस्तापाता उपलब्ध गराइने छैन ।

(च) गाउँपालिकाबाट वितरण हुने जस्तापाता वडा कार्यालयसम्म ढुवानी गर्ने जिम्मेवारी पहिलो पक्षको हुनेछ।

(छ) वडा कार्यालयबाट दोस्रो पक्षले घरसम्म जस्तापाता स्वयम ढुवानी गर्नु पर्नेछ।

(ज) कार्यालयबाट प्राप्त गर्ने जस्तापाता बाहेक छाना छाउन आवश्यक अन्य सामाग्री, किला काटी, काठ र आवश्यक अन्य सामग्री दोस्रो पक्ष स्वयमले व्यवस्था गर्नुपर्नेछ।

(झ) उल्लिखित समयभित्र कार्य सम्पन्न गर्न नसक्ने दोस्रो पक्षले उचित कारण भएमा वडा कार्यालय मार्फत गाउँपालिकामा लिखित रुपमा निवेदन दिनुपर्नेछ ।

(ज) पहिलो पक्षबाट प्राप्त जस्तापाताको सुरक्षा गर्ने जिम्मेवारी स्वयम दोस्रो पक्षको हुनेछ ।

(झ) जेष्ठ नागरिक र अपाङ्गको हकमा पहिचान गरी काठ, किपला, काँटीको प्राविधिक मूल्याङ्कन गरी रकम पहिलो पक्षले उपलब्ध गराउने छ ।

उल्लिखित बमोजिम गर्न गराउन हामी दुवै पक्ष मञ्जुर छौं ।

| | |
|---|---|
| बुझिलिने घरमूली तथा | बुझाउने वडा कार्यालयको |
| व्यक्तिको नाम: | प्रतिनिधिको नाम: |
| हस्ताक्षर: | हस्ताक्षर तथा छाप |

अनुसूचि-२

जस्तापाता वितरण सम्बन्धी अभिलेख फारम

आठराई त्रिवेणी गाउँपालिका, हाङपाङ, ताप्लेजुङ

वडा नं. .................. आर्थिक वर्ष २०...../२०

लाभग्राही वा निजको परिवारलाई प्रदान गरिने प्लेनसिटको विवरण

| क.सं. | मिति | लाभग्राही नाम | घरको आकार (वर्ग मि.) | प्रदान गरिने जस्तापाता (वन्डल वा संख्या) | प्रदान गरिने जस्तापाताको वर्ग फिट | प्लेनसिटको संख्या र वर्गफिट | थप सामाग्री केही भए सोको परिमाण | हस्ताक्षर | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

प्रमाणित गर्नेको हस्ताक्षरः

मितिः

अनुसुचि -३

## गरिबी घरधुरी पहिचानका मुख्य आधारहरु

१. परिवारको नाममा रहेको जग्गा जमिनबाट उत्पादन हुने खाद्यबाली नगदे बाली र अन्य तेलहन दलहन तथा मसला बालीको उपभोग र बिक्री वितरणबाट आधारभुत आवश्यकता मात्र पुरा हुने भएमा
२. परिवारका सदस्यहरु मध्ये कुनै एक जना भन्दा बढी वैदेशिक रोजगारीमा नरहेको ,
३. घरमुली तथा सगोलमा रहेका कुनै पनि सदस्यहरुको नाममा खरको छानो भएको घर बाहेक अन्यत्र जस्तापाताले छाएको घर नभएको
४. परिवारमा ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र एकल/विधवा महिला मात्र भएको
५. परिवारका कुनैपनि सदस्यको नाममा अन्यत्र प्रचलित बजार मुल्यमा रु. १०,००,०००।-भन्दा बढी मुल्याङ्कन हुने घर जग्गा नभएको
६. सम्बन्धित वडाले अन्य सामाजिक तथा आर्थिक जोखिमका क्षेत्रहरु किटान गरी विपन्न परिवार भनि कार्यपालिका बैठकबाट छनौट भएमा

अध्यक्ष